# सायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या:२०८०/०८१

च. नं.

दुदिलेगडा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८०।०६।१६

## विद्यालयको अन्तिम लेखापरीक्षणको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८०।०६।१६)

यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुको आ.व.२०७९।०८० (विगत आ.व.को अन्तिम लेखापरीक्षण गर्न बाँकी रहेका विद्यालयहरुको हकमा सो अवधि समेत) को आर्थिक कारोबारको लेखापरीक्षण गर्ने प्रयोजनका लागि लेखापरीक्षकको सूची तयार गर्नु पर्न भएकोले मितिः २०८०।०६।१२ गते बसेको शिक्षा समितिको निर्णयानुसार विद्यालयको आर्थिक लेखापरीक्षण गर्न इच्छुक नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थामा दर्ता भई सदस्यता नविकरण गरेका एच्छुक लेखापरीक्षकहरुवाट सूचना प्रकाशित भएको मितिः २०८०।०६।१६ गते देखी मितिः २०८०।०६।३० गते कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातका प्रमाणित प्रतिलिपि संलग्न राखी ब्यक्ति वा फर्मको हालको ठेगाना र सम्पर्क नं.स्पस्ट खुलाई शिक्षा युवा तथा खेलकुद शाखामा स्वयम उपस्थित भई निवेदन पेश गर्न गराउनहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि ।
२. लेखा परिक्षण ईजाजत पत्रको प्रतिलिपि ।
३. आ.व.२०७९।०८० को कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।
४. आ.व.२०७९।०८० सम्म लाईसेन्स नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि ।
५. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाण पत्र
६. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
७. सक्कल निवेदन ।
८. सम्पर्क फोन वा मोबाइल नम्बर ।

हर्क बहादुर साफरी
नि. प्र. प्र. अधिकृत

नोटः रित नपुगी र म्याद नाघी आएको आवेदन स्वीकृत गरिने छैन ।

वोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः सूचना वेवसाइडमा अपलोड गरीदिन हुन ।